हरिवन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही

कर्मचारी तह वृद्धि/ स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/२०

हरिवन नगरपालिकाको

कर्मचारी तह वृद्धि/ स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/२०

प्रस्तावनाः

मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" मा रहेको तहवृद्धि/ स्तर वृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी हरिवन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम हरिवन नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "कर्मचारी तह वृद्धि/ स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले मधेश प्रदेशबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले हरिवन नगरपालिकाको कर्मचारी तह वृद्धि/ स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले हरिवन नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "तह वृद्धि" भन्नाले ऐनको दफा २९ र कार्यविधिको दफा ६(४) बमोजिम गरिने तह वृद्धि/ स्तर वृद्धिलाई सम्झनु पर्छ

(ङ) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ ।

(च) "नगरपालिका" भन्नाले हरिवन नगरपालिकालाई सम्झनु पर्दछ ।

(छ) "कार्यपालिका" भन्नाले हरिवन नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हरिवन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा वहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्छ र

सो शब्दले कर्मचारी समायोजन ऐन- २०७५ बमोजिम समायोजन भएका तथा सङ्घीय लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति भएका कर्मचारीलाई समेत जनाउँछ।

(ञ) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले मधेश प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्दछ ।

(ट) **"सिफारिस समिति"** भन्नाले यो कार्यविधिको दफा ६ (१) बमोजिम गठन भएको सिफारिस समितिलाई सम्झनु पर्दछ ।

३. पदनाममा तह वृद्धि: नगरपालिकाबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको आधारमा दरबन्दी स्वीकृत नभएसम्मको लागि ऐनको दफा ४ को उपदफा ७ अनुसार अनुसूची २ मा तोकिए बमोजिमको पदनाममा ऐनको दफा २९ को उपदफा (१) र (२) बमोजिम तह वृद्धि गरिनेछ ।

४. तह वृद्धि/ स्तर वृद्धिको सूचना प्रकाशन: ऐन को दफा २९ को उपदफा (४) वमोजिम प्रत्येक आर्थिक वर्षको पौष र असार महिनामा तह वृद्धि/ स्तर वृद्धि गर्नका लागि मंसिर र जेष्ठ महिनामा तीस दिनको समय राखि कार्यालयलको वेवसाईट तथा सूचना पाटीमा अनुसूचि १ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

५. निवेदन दिनु पर्ने: दफा ४ बमोजिम सूचना प्रकाशन भएपछि ऐनको दफा २९ को (१) र (२) बमोजिम सबै योग्यता पूरा गरेका कर्मचारीले अनुसूची ३ बमोजिमको ढाँचामा हरिवन नगरपालिका प्रशासन शाखामा तोकिएको समयभित्र निवेदन दर्ता गराउनु पर्नेछ ।

६. समितिको गठन, मूल्याङ्कन तथा सिफारिस: (१) दफा ५ बमोजिम प्राप्त हुन आएका निवेदन र कागजातको मूल्याङ्कन गरी सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको तह वृद्धि/ स्तर वृद्धि सिफारिस समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत	संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी	सदस्य
(ग) प्रशासन शाखा प्रमुख	सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले दरखास्त दिने अन्तिम मितिको १५ दिन भित्रमा कार्यालयमा रितपूर्वक प्राप्त भई दर्ता भएका निवेदनको जाँचबुझ गरी दफा १० समेतको विपरित नहुने गरी तह वृद्धि/ स्तर वृद्धिका लागि कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

(३) सिफारिस गर्दा कर्मचारीको तह वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यता तथा ज्येष्ठतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम सिफारिस भएका कर्मचारीको तहवृद्धि गर्दा ऐनको दफा २९ को (१) र (२) बमोजिम सबै योग्यता पूरा गरेको मितिबाट ज्येष्ठता कायम हुनेगरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम तह वृद्धि गर्दा अधिकृत सातौं वा सो भन्दा माथिल्लो तहका कर्मचारीलाई कार्यपालिकाको निर्णयको आधारमा प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी सम्वन्धित सेवा समूह वा उपसमूह र सो भन्दा तल्लो तहका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृत आफैंले सम्बन्धित सेवा, समूह वा उपसमूह भित्र दफा ३ अनुसारको पदनाममा तह वृद्धि गरी अनुसूचि ४ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम तह वृद्धि भएमा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम रहनेछ ।

(७) उपदफा (४) बमोजिम तह वृद्धि गरिएका कर्मचारीको विवरण कार्यालयको वेबसाइटमा अनिवार्य राख्नु पर्नेछ ।

(८) यस दफा बमोजिम गठन भएको समितिका सदस्यहरुले मूल्याङ्कनका लागि बैठक बस्दा नगरपालिकाका अन्य समितिका सदस्यहरुले पाएसरहको बैठक भत्ता पाउनेछन् ।

(९) समितिको सचिवालयको काम प्रशासन शाखाले गर्ने छ ।

(१०) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) समितिले आवश्यक ठानेमा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

७. <u>समितिको काम,कर्तव्य र अधिकारः</u> दफा ६(१) बमोजिम गठन भएको सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) तहवृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

(ख) आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने ।

(ग) पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

(घ) तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने ।

(ङ) तह वृद्धि/स्तर वृद्धि सम्बन्धमा कुनै द्विविधा भएमा प्रदेश लोक सेवा आयोगसँग परामर्श माग्ने ।

८. <u>आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः</u> यस कार्यविधि बमोजिम तहवृद्धि हुन दरखास्त दिने कर्मचारीको आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि ऐनको दफा २९ बमोजिम पुरा गरेको हुनु पर्नेछ ।

९. तह वृद्धि भएका कर्मचारीको सेवा सुविधाः (१) दफा ४ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनी तह वृद्धि भएका कर्मचारीले तह वृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र माथिल्लो

रमेश बुढाथोकी
नगर प्रमुख

तहको तलब भत्ता प्राप्त गर्नेछन् ।

(२) ऐन र यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भत्ता भन्दा घटी नहुने गरी कार्यालयले ग्रेड मिलान गर्नु पर्नेछ ।

(३) तह वृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदान तथा निवृत्तिभरणको लागि प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. <u>तह वृद्धि गर्न नहुने</u>: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कार्यविधिको दफा ६ को उपदफा (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गर्ने छैन।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदा अवधिभर,

(ङ) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

११. <u>आधारभूत तहको स्तर वृद्धि</u>: ऐनको दफा ४ को उपदफा (८) मा भएको व्यवस्था बमोजिम आधारभूत तहको स्तर वृद्धि यसै कार्यविधि बमोजिम हुनेछ ।

१२. यसै कार्यविधि बमोजिम भएको मानिनेः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि जारी हुनुभन्दा अघि ऐनको दफा ८ को उपदफा (२२) र हरिवन नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन/स्तरवृद्धि तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ को दफा ३ को उपदफा (२) बमोजिम भए गरेको काम कारवाही समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

१३. ज्येष्ठता कायमः तह वृद्धि हुने कर्मचारीको ऐनको दफा २९ को उपदफा (४) बमोजिम तह वृद्धिका लागि सबै योग्यता पुरा गरेको मितिबाट जेष्ठता कायम हुनेछ ।

१४. ज्येष्ठता गणना सम्बन्धी व्यवस्थाः (१) कार्यविधिको दफा ६ को उपदफा (३) बमोजिम क्रम निर्धारण गर्दा ऐनको दफा २८ मा भएको व्यवस्था बमोजिम गरिनेछ ।

१५. जानकारी दिनुपर्नेः ऐनको दफा २९ (८) मा भएको व्यवस्था बमोजिम यस कार्यविधि वमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ ।

१६. बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगरपालिकामा रहनेछ ।

१७. उजुरी/गुनासोः ऐन र यस कार्यविधि बमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१८. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१९. बचाउः यो कार्यविधि प्रारम्भ हुनु भन्दा पहिले स्थानीय सेवा (गठन र सञ्चालन) ऐन, २०८१ बमोजिम नगरपालिकाबाट तह वृद्धि/ स्तर वृद्धि सम्बन्धी भए/गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

नगर प्रमुख

अनुसूची – १

(दफा ४ सँग सम्बन्धित)

तह बृद्धि/ स्तर बृद्धि सम्बन्धी हरिवन नगरपालिकाको सूचना।

(मितिः- ....)

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा १ र २ बमोजिम तोकिएको सेवा शर्त पूरा भएका हरिवन नगरपालिका र अन्तर्गत कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको .... महिनामा हुनु पर्ने तह बृद्धि/ स्तर बृद्धिका लागि ऐनको दफा २९ को उपदफा ४ बमोजिम .... सम्ममा कार्यालय समय भित्र तपसिलमा उल्लिखित कागजातहरु समावेश गरी हरिवन नगरपालिका प्रशासन शाखामा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. स्तर बृद्धि गरी पाउँ भन्ने निवेदन।
२. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा/ समायोजन र हाजिरी भएको पत्र।
३. स्तर वृद्धि भएको भए सो पत्र।
४. शैक्षिक योग्यताका प्रमाण पत्रहरु।
५. पछिल्लो तीन आर्थिक वर्ष (स्वस्थ्य तर्फको पछिल्लो दुई वर्ष) को रित पूर्वकको सक्कल कार्य सम्पादन मूल्यांकन।
६. हाल सालैको (Latest) PIS प्रिन्ट।
७. म्याद ननाघेको काउन्सिल प्रमाण पत्र (स्वास्थ्य तर्फका लागि)।
८. अध्ययन बिदामा बसेको भए बिदामा बस्नु भन्दा अघिको तीन आर्थिक वर्षको कार्य सम्पादन मूल्यांकन।
९. ऐनको दफा २९ को उपदफा ६ बमोजिम गठित तह बृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु।

....

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची – २

(दफा ३ सँग सम्बन्धित)

तह वृद्धि हुने सेवा, समूह तथा पदनाम

सेवा	समूह	उपसमूह	तह	पदनाम
स्थानीय ईन्जिनियरिङ्ग सेवा	**सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुंदा**			
	पाँचौ तहमा रहेकै कायम हुने	पाँचौ तहमा रहेकै कायम हुने	अधिकृतस्तर छैठौं	सहायक ईन्जिनियर
	अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुंदा			
	सातौं तहमा रहेकै कायम हुने	सातौं तहमा रहेकै कायम हुने	अधिकृतस्तर आठौं	वरिष्ठ ईन्जिनियर
	अधिकृत नवौ तह बाट अधिकृत दशौं तहमा तह वृद्धि हुँदा			
	आठौं तहमा रहेकै कायम हुने	आठौं तहमा रहेकै कायम हुने	अधिकृतस्तर दशौं	सिनियर डिभिजनल ईन्जिनियर
स्थानीय कृषि सेवा	सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा			
	पाँचौ तहमा रहेकै कायम हुने	पाँचौ तहमा रहेकै कायम हुने	अधिकृतस्तर छैठौं	सहायक कृषि प्रसार अधिकृत
	अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा			
	सातौं तहमा रहेकै कायम हुने	सातौं तहमा रहेकै कायम हुने	अधिकृतस्तर आठौं	वरिष्ठ कृषि प्रसार अधिकृत
स्थानीय प्रशासन सेवा	सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा			
	पाँचौ तहमा रहेकै कायम हुने	पाँचौ तहमा रहेकै कायम हुने	अधिकृतस्तर छैठौं	सहायक शाखा अधिकृत
	अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुंदा			
	सातौं तहमा रहेकै कायम हुने	सातौं तहमा रहेकै कायम हुने	अधिकृतस्तर आठौं	वरिष्ठ शाखा अधिकृत
	सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा			
	पाँचौ तहमा रहेकै कायम हुने	पाँचौ तहमा रहेकै कायम हुने	अधिकृतस्तर छैठौं	सहायक लेखा अधिकृत
	अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा			
	सातौं तहमा रहेकै कायम हुने	सातौं तहमा रहेकै कायम हुने	अधिकृतस्तर आठौं	वरिष्ठ लेखा अधिकृत

हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

	सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा			
	पाँचौ तहमा रहेकै कायम हुने	पाँचौ तहमा रहेकै कायम हुने	अधिकृतस्तर छैठौं	सहायक आ.ले.प अधिकृत
	सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा ऐनको दफा ३ को उपदफा ४ बमोजिम			
	मधेश प्रदेश सरकार द्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावलीमा हुने व्यवस्था बमोजिम	महिला विकास निरीक्षक	अधिकृतस्तर छैठौं	सहायक महिला विकास अधिकृत
स्थानीय शिक्षा सेवा	सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा			
	पाँचौ तहमा रहेकै कायम हुने	पाँचौ तहमा रहेकै कायम हुने	अधिकृतस्तर छैठौं	सहायक शिक्षा अधिकृत
	अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा			
	सातौं तहमा रहेकै कायम हुने	सातौं तहमा रहेकै कायम हुने	अधिकृतस्तर आठौं	वरिष्ठ शिक्षा अधिकृत
	अधिकृत नवौं तह बाट अधिकृत दशौं तहमा तह वृद्धि हुँदा			
	नवौं तहमा रहेकै कायम हुने	नवौं तहमा रहेकै कायम हुने	अधिकृतस्तर दशौं	शिक्षा निर्देशक
स्थानीय स्वास्थ्य सेवा	सहायक पाँचौ तह बाट अधिकृत छैठौं तहमा तह वृद्धि हुँदा			
	पाँचौ तहमा रहेकै कायम हुने	पाँचौ तहमा रहेकै कायम हुने	अधिकृतस्तर छैठौं	सङ्घीय स्वास्थ ऐन बमोजिम
	अधिकृत सातौं तह बाट अधिकृत आठौं तहमा तह वृद्धि हुँदा			
	सातौं तहमा रहेकै कायम हुने	सातौं तहमा रहेकै कायम हुने	अधिकृतस्तर आठौं	सङ्घीय स्वास्थ ऐन बमोजिम

रमेश बुढाथोकी
नगर प्रमुख

अनुसूची ३

(दफा ५ सँग सम्बन्धित)

तह वृद्धि/स्तर वृद्धि आवेदन फारमको ढाँचा

मितिः

निवेदकको फोटो

श्रीमान् संयोजक/अध्यक्ष ज्यू,
तहवृद्धि/स्तरवृद्धि सिफारिस समिति,
हरिवन नगरपालिका, हरिवन, सर्लाही ।

विषयः तह वृद्धि/स्तर वृद्धि गरि पाउँ ।

प्रस्तुत विषयमा यस हरिवन नगरपालिकाको तह वृद्धि सम्बन्धि मिति ....गतेको प्रकाशित सूचना बमोजिमको .... सेवा ....समूहको..... ....पदको .... तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह वृद्धिको लागि योग्य रहेको हुँदा तोकिए बमोजिमका कागजात संलग्न राखी निवेदन पेश गरेको छु ।

उम्मेदवारको विवरणः

१.उम्मेदवारको नामथर (देवनागरीमा):-
२.उम्मेदवारको नामथर (अंग्रेजी ठूलो अक्षरमा):-
३.कर्मचारी संकेत नं.:-
४.ठेगानाः-
५.सम्पर्क नं.:-
६.बाजे नामः-
७.बाबुको नामः-
८.आमाको नामः-
९. शुरु नियुक्ति मितिः-
१०. हालको पद/तहको नियुक्ति मितिः-
११. हालको पद र तहः-
१२. सेवा/समूह/उपसमूहः-
१३. हाल कार्यरत कार्यालयको नामः-
१४. स्तरवृद्धि हुन दावि गरिएको तहः-

हाल कार्यरत पद सम्बन्धी विवरणः

सि.नं.	कार्यालयको नाम	सरुवा वा नियुक्ति वा बढुवा मिति	हाजिर भएको मिति	हासिल गरेको उच्चतम शैक्षिक योग्यता	हाल पदमा वहाल रहेको मिति देखि मिति सम्म	कै.
१.	हरिवन नगरपालिका, हरिवन ,सर्लाही					

दर्ता नं. ....
दर्ता मितिः.......................

....
निवेदक
नाम/थरः
पदः
संकेत नं

तहवृद्धि/स्तरवृद्धि लागि योग्य भए/नभएको अवस्थाः

१. विभागीय कार्वाही भएको/नभएको ...., भएको भए कुन कारवाही भएको ...... र कारवाही सकिने अवधि ....
२. मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ बमोजिम तह वृद्धि/स्तर वृद्धि हुने पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको ।
३. असाधारण र अध्ययन विदा वसेको/नबसेको ..... बसेको भए अवधि ....
४. निलम्बनमा परे/नपरेको......
५. नसिहत पाएको/नपाएको
६. बढुवा रोक्का भएको/नभएको
७. पेशासँग सम्बन्धित व्यवसायी परिषदको प्रमाण पत्रको अवधि......
८. माथी उल्लेखित विवरण ठिक छ ।

सेवा अवधि र कार्यसम्पादन मुल्याङ्कनको विवरण(कार्यालय प्रयोजनका लागि)

१. आवेदक कर्मचारीले समायोज हुनुपूर्व/समायोजन पश्चात/नियुक्ति पछि गरी हालको तहमा पुरा गरेको सेवा अवधि ...... वर्ष....... महिना...... दिन ।
२. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङ्कन वापत प्राप्ताङ्क र सो को औषत (स्वास्थ्य सेवाका आवेदक कर्मचारीको पछिल्लो दुई वर्षको का.स.मु.)

   १. आ.व. .... को प्राप्ताङ्क ....
   २. आ.व. .... को प्राप्ताङ्क ....
   ३. आ.व. .... को प्राप्ताङ्क ....

३. मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ तथा तहवृद्ध/स्तरवृद्धि कार्यविधि, २०८१ को दफा ८ बमोजिम न्यूनतम योग्यता र मापदण्ड पूरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट सेवा......समूह/उप समूहमा एक तहवृद्धि गर्ने निर्णय गरियो ।

....	....	....
सदस्य	सदस्य	संयोजक/अध्यक्ष
नाम/थरः	नाम/थरः	नाम/थरः
पदः	पदः	पदः
क.सं.नं.	क.सं.नं.	क.स.नं.

अनुसुचि- ४

(कार्यविधिको दफा ६ को उपदफा ५ सँग सम्बन्धित)

तह वृद्धि/ स्तरवृद्धि पत्रको ढाँचा

हरिवन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही

मधेश प्रदेश, नेपाल

२०७३

प.सं.: २०८१/०८२

च.नं.:

मितिः.......................

विषयः तहवृद्धि/ स्तरवृद्धि गरिएको सम्वन्धमा ।

महाशय,

तपाईलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ अनुसार हरिवन नगरपालिकाको कर्मचारी तह वृद्धि/ स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को दफा ६(५) बमोजिम नगर कार्यपालिकाको कार्यालयको मिति.................. गतेको निर्णयानुसार ऐनको दफा २९(४) बमोजिम ज्येष्ठता कायम हुनेगरी स्थानीय सेवामा तपसिल बमोजिम तह वृद्धि गरिएको छ ।

तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु ।

कर्मचारीको हालको विवरण	कर्मचारीको तह वृद्धि भएको विवरण
पदः	पदः
सेवाः	सेवाः
समूहः	समूहः
तहः	तहः
कार्यालयः	

श्री ....

कर्मचारी संकेत नं. ....

बोधार्थः-

- श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
- श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौ ।
- श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
- श्री राष्ट्रिय किताबखाना (निजामती), पूलचोक, ललितपुर ।
- श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम, धनुषा ।
- श्री प्रदेश किताबखाना, जनकपुरधाम, धनुषा ।
- श्री कर्मचारी संचयकोष, ठमेल, काठमाण्डौ ।
- श्री नागरिक लगानी कोष, नयाँबानेश्वर, काठमाण्डौ ।
- श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सर्लाही ।
- श्री हरिवन नगरपालिका, आर्थिक प्रशासन शाखा ।

रमेश बुढाथोकी
नगर प्रमुख